# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
सु नं.: ४३

मिति :२०८३।०१।०३

**नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदान तथा घ्याङस्वरा आर्गानिक चिया सार्वजनिक कार्यक्रम सम्बन्धी सूचना !**

नयाँ वर्ष २०८३ को पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। नयाँ वर्षले हामी सबैको जीवनमा नयाँ आशा, उत्साह, ऊर्जा र सफलताका अनगिन्ती सम्भावनाहरू लिएर आओस् भन्ने कामना र विगतका अनुभव, चुनौती , सिकाइहरूलाई आत्मसात गर्दै आगामी दिनहरूमा अझ सशक्त, संगठित र सकारात्मक सोचका साथ अगाडि बढ्न सबैमा प्रेरणा मिलोस् भन्ने विश्वास लिएका छौं। यसै अवसरमा, पञ्चकन्या गाउँपालिकाले स्थानीय स्तरमा रोजगारी सिर्जना, कृषिमा आधारित उद्यमशीलता प्रवर्द्धन तथा ग्रामीण पर्यटन विकासलाई केन्द्रमा राखी सञ्चालन गर्दै आएको **घ्याङस्वरा आर्गानिक चिया खेती अभियान** एक उदाहरणीय तथा गौरवपूर्ण उपलब्धिका रूपमा स्थापित भएको छ। गाउँपालिका रोजगार सेवा केन्द्रको पहल तथा समन्वयमा करिब तीन वर्षअघि घ्याङस्वरा पर्यटकीय क्षेत्रमा सुरु गरिएको उक्त अभियानमा जनप्रतिनिधी,कर्मचारी, राजनितिक दलका प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, संघ–संस्थाका प्रतिनिधिहरू,पत्रकार , शिक्षक, विद्यार्थी तथा स्थानीय समुदायको उल्लेखनीय सहभागिता रहेको थियो। यस कार्यप्रति सबैमा धन्यवाद व्यक्त गर्दछौं। सामूहिक श्रम, सहकार्य र दृढ प्रतिबद्धताबाट सुरु गरिएको यस अभियानले आज उत्पादन दिन सफल भएकोमा गाउँपालिका परिवार अत्यन्त हर्षित तथा गौरवान्वित भएको छ। यसले स्थानीय स्तरमा रोजगारी सिर्जना, युवाहरूलाई स्वदेशमै अवसर उपलब्ध गराउने, कृषि क्षेत्रलाई व्यावसायिक बनाउने, सामुदायिक सहकार्यलाई सुदृढ बनाउने तथा घ्याङस्वरा क्षेत्रलाई एक आकर्षक पर्यटन गन्तव्यका रूपमा विकास गर्ने दिशामा महत्वपूर्ण योगदान पुर्‍याएकोले उक्त उपलब्धिलाई औपचारिक रूपमा सार्वजनिक गर्दै यस अभियानका उपलब्धि, सिकाइ तथा भावी सम्भावनाहरू सरोकारवालाहरूसमक्ष प्रस्तुत गर्ने उद्देश्यले **नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदान तथा घ्याङस्वरा आर्गानिक चिया सार्वजनिक कार्यक्रम** आयोजना गरिएको छ। यस महत्वपूर्ण कार्यक्रममा यहाँहरूको गरिमामय उपस्थितिले कार्यक्रमलाई थप उर्जावान, प्रभावकारी र सफल बनाउने विश्वास साथ विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, बुद्धिजीवीहरू, पत्रकार मित्रहरू, सामाजिक संघ–संस्थाका प्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी कार्यालयका कर्मचारीहरू, विद्यालय परिवार तथा सम्पूर्ण सरोकारवालाहरूलाई निम्नानुसारको कार्यक्रममा अनिवार्य रूपमा उपस्थित भई कार्यक्रमको शोभा बढाइदिनुहुन हार्दिक अनुरोध तथा निमन्त्रणा गर्दछौं।

**कार्यक्रमको विस्तृत विवरण:**

- **कार्यक्रमको नाम:** नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदान तथा घ्याङस्वरा आर्गानिक चिया सार्वजनिक कार्यक्रम
- **मिति:** २०८३ साल बैशाख १० गते
- **स्थान:** पञ्चकन्या गाउँपालिकाको सभाहल
- **समय:** बिहान ११:०० बजे

तेज बहादुर तामाङ
अध्यक्ष

"शिक्षा, पर्यटन, पूर्वाधार, कृषि क्षेत्रमा लगाऔ सीप र ज्ञान ! समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !!"

Website: www.panchakanyamun.gov.np Email: panchakanya.ga.pa@gmail.com